# उत्तरगया गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः७** **संख्याः ६** **मितिः २०८०/०७/१७**


### भाग-२

उत्तरगया गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

प्रस्तावनाः नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा

समानुपातिक समावेशी सिद्दान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूति गराएको छ । लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०७६ को उपनियम ३ (ख) मा उल्लिखित स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्दार, राहत तथा पुर्नस्थापना गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन समेतका लागि संघ, प्रदेश तथा स्थानीय सरकारका साथै विभिन्न दातृ– संस्थाहरुबाट प्राप्त रकम समेतबाट कोष स्थापना गरी दैनिक रुपमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि प्रभावकारी ढंगबाट परिचालन गर्ने व्यवस्था मिलाउन वाञ्छनीय देखिएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाउँपालिकाले यो कोष सञ्चालन सम्वन्धी कार्यविधि बनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भए पश्चात स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "समिति" भन्नाले दफा ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(च) "प्रदेश मन्त्रालय" भन्नाले वागमती प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले उत्तरगया गाउँपालिका सम्झनु पर्छ ।

(ज) "कार्यालय" भन्नाले उत्तरगया गाउँपालिका सम्झनु पर्छ ।

(झ) "शाखा" भन्नाले उत्तरगया गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनु पर्छ ।

## परिच्छेद—२

## कोष स्थापना, उपयोग, संचालन तथा व्यवस्थापन

३. **कोषको स्थापनाः** (१) यस गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छः—

(क) गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमबाट कोषका लागि विनियोजित गरिएको रकम,

ख) नेपाल सरकारवाट उपलब्ध गराइएको रकम,

ग) प्रदेश सरकार वाट उपलब्ध गराइएको रकम,

(घ) नेपाल सरकारको स्वीकृतिमा विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

४. **कोषमा रकम जम्मा गर्नेः** महिला हक हितको संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा निश्चित प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५.कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ः—

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा रोजगारको लागि व्यवसाय स्थापना गर्नको लागि बीउ पुर्जी (सिडमनि) को रुपमा प्रदान गर्न,

(च) पुनस्थापना गराउन,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुव्र्यहारको कसुरबाट प्राप्त गर्नुपर्ने क्षतिर्पूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन लेखि आएमा ।

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य कामका लागि,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुव्र्यसनमा फसेका वा मनोरोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. <u>स्थानीय तत्काल उद्दार तथा राहत समितिको गठनः</u>** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागि सञ्चालक समिति रहनेछ ।

(क) गाँउपालिका उपाध्यक्ष —संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ग) इलाका प्रहरी कार्यालय प्रमुख, –सदस्य

(घ) संयोजकले तोकेको कार्यपालिकाका सदस्य (महिला २ जना)—सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट संयोजक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना —सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य—सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

७.**<u>सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः</u>** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने, गराउने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, गराउने,

**८. <u>राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः</u>**(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहाएको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खानाखर्च वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सयको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ,

अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोवास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ नबढ्ने गरी लागेको यथार्थ खर्च उपलब्ध गराउन सकिनेछ ,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय वा स्वरोजगारको लागि प्रस्ताव सहित माग भएमा व्यवसाय स्थापना खर्च अनुदान(वस्तुगत वा नगद) बढीमा (३०,०००।)तीस हजार रुपैया सम्म

(ङ) पुनस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृती हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा पुनः निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा समितिले त्यस्तो पीडितलाइ २,०००।(दुई हजार)रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

९. **<u>राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृयाः</u>** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले मनासिव कारण खुलाई अनुसूची १ को ढाँचामा वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम (५)को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(३) कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जलाइएको, एसिड प्रयोग गरी वा छर्काई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल समितिको बैठक बस्ने अवस्था नरहेमा समितिका संयोजकले आवश्यकता र औचित्यका आधारमा समितिबाट पछि अनुमोदन हुने गरी मनासिब कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद — ४

## कोषको संचालन वित्तीय व्यवस्थापन

**१०. <u>थप रकम निकासा माग गर्न सक्नेः</u>** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा सो को कारण खुलाई समितिले थप रकम माग गर्न सक्नेछ ।

(२)उपनियम (१) बमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**११. <u>कोषको खाता संचालनः</u>** (१) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम (क) वर्गको वाणिज्य बैङ्कमा छुट्टै खाता खोली जम्मा गरिने छ ।

**१२. <u>लेखा तथा अभिलेखः</u>** (१ कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) शाखाले कोषको स्रोत तथा उपयोगको हिसाब देखिने गरिने गरी स्थायी किताब खडा गरी चौमासिक तथा वार्षिक रुपमा

अद्यावधिक गरिएको हिसाब आर्थिक प्रशासन शाखाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई राख्नु पर्दछ ।

(३) समितिले कोषसँग सम्बन्धित अन्य अभिलेख समेत राख्नुपर्ने गरी शाखालाई तोक्न सक्नेछ ।

**१३. <u>कोषको रकम अन्य प्रयोजनमा खर्च गर्न नसकिनेः</u>**

(१) कोषको रकम दफा (५) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको सचिवालय तथा बैठक संचालन खर्चको लागि रकम उपयोग गर्न सकिनेछ ।

**१४. <u>प्रगति प्रतिवेदनः</u>**(१) समितिबाट भए गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र शाखाले गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यालयले (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१५. <u>कोषको लेखा तथा लेखापरीक्षणः</u>**

(१) कोषको आय व्यय आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट गरिने छ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

१६. **<u>आवर्तीकोषः</u>** यो कोष आवर्ती कोषको रुपमा रहनेछ ।

१७. **<u>बैठक भत्ताः</u>** सञ्चालक समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिमको पाउने बैठक भत्ता नियमानुसार पाउनेछन । समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

## परिच्छेद –५

## <u>विविध</u>

**१८.** समितिले यो कार्यविधिमा उल्लिखित कार्यहरुका अतिरिक्त यो कार्यविधि कार्यान्वयनका लागि आवश्यक अन्य आधार तथा प्रक्रियाहरु निर्धारण गर्न सक्नेछ ।

१९. **<u>निर्देशन दिन सक्नेः</u>** (१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२०. **<u>बाधा, अड्काउ फुकाउनेः</u>** यो कार्यविधिको कार्यान्व्यनका सिलसिलामा कुनै बाधा, अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ ।

२१. <u>बचाउँः</u> (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

मितिः

विषयः सहयोग उपलब्ध गराई पाँऊ ।

श्री ..........................ज्यू,
उत्तरगया गाउँपालिका ।

म यस उत्तरगया गाउँपालिका वडा नं.......मा बस्ने बर्ष.......को..................मितिमा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक अवस्था कमजोर रहेको छ । लैङ्गिक हिंसाको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर रहेको हुनाले मलाई उद्धार/औषधी उपचार/कानूनी सहायता एवं परामर्श/मनोविमर्श/स्वरोजगार/पुर्नस्थापना/ अन्य................ कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदककोः

नाम, थर....................
ठेगानाः........................
दस्तखतः...................
मितिः.........................

**आज्ञाले**
**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**